REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 09.01.2025

Minister's Arrival

केन्द्रीय गृह मामिला राज्य मन्त्री श्री नित्यानन्द राई आज सिक्किमको तीन दिने भ्रमणमा आउनु भएको छ। भ्रमण अवधिमा उहाँ गान्तोक र पाकिम जिल्लामा हुने विभिन्न कार्यक्रमहरूमा उपस्थित रहनुहुनेछ। आज रम्फु पर्यटक सुविधा केन्द्रमा आइपुग्नु हुँदा श्री राईलाई गृह विभाग र भारत तिब्बत सीमा पुलिस IIBP का अधिकारीहरूले स्वागत गरे।

NCVET SCVT (Agreement)

राज्यको कौशल विकास विभाग अधिन राज्य व्यावसायिक प्रशिक्षण परिषदग SCVT सिक्किमले केन्द्र सरकारको कौशल विकास तथा उद्यमिता विभाग अधिन राष्ट्रिय व्यावसायिक शिक्षा तथा प्रशिक्षण परिषद NCVET सित सम्झौता गरेको छ। नयाँ दिल्ली स्थित कौशल विकास तथा उद्यमिता मन्त्रालय कार्यालयमा गत सोमबार आयोजित आधिकारिक समारोहमा सम्झौता पत्रमा हस्ताक्षर गरियो। व्यावसायिक शिक्षा तथा प्रशिक्षणका लागि राष्ट्रिय नियामकको रूपमा कार्य गर्ने NCVET ले मानक तय गर्न, नियमावली तयार पार्न अनि देशभरिमा कौशल सम्वन्धी पहलहरूको गुणस्तरमा सुधार ल्याउनमा महत्वपूर्ण भूमिका निर्वाह गर्छ। यसै गरी SCVT सिक्किम, राज्यभरि व्यावसायिक प्रशिक्षण केन्द्रहरूलाई समन्वित गर्ने क्षमता भएको राज्य सरकारी एजेन्सी हो।

HMPV Meeting

ह्युमन मेटान्यूमो भाइरस HMPV को कारणले चीनमा श्वाससम्वन्धी गम्भीर रोगका मामिलाहरू बढ़ेको हालैका रिपोर्टहरूलाई ध्यानमा राखेर सिक्किम राज्यका मुख्य सचिव श्री आर तेलाङले गत मंगलबार स्वास्थ्य तथा परिवार कल्याण विभागसित बैठक गर्नुभयो। यसमा राज्यको वर्तमान स्थिति र तयारीबारे समीक्षा गरियो बताइन्छ HMPV खोकी , हाच्छिँउ र हात मिलाउने जस्ता क्रियाद्वारा संक्रमित व्यक्तिहरूसितको निकट सम्पर्कबाट फैलिन्छ र यसका सामान्य लक्षणहरूमा खोकी लाग्नु, सिँगान आउनु, ज्वरो आउनु, घाँटी सुक्नु र छिटो छिटो स्वास फेर्नु सामेल छन्। बैठकमा बताइए अनुसार साबुन पानीले घरिघरि हात धुनु दुषित स्थलहरूको नियमित सरसफाई र यस रोगका लक्षणहरू देखिने व्यक्तिहरूबाट अलग बस्नु रोकथामका उपायहरू हुन्। स्वास्थ्य तथा परिवार कल्याण विभाग अनुसार विभागले लगातार स्थितिको निगरानी राखेर सुदृढ़ प्रणाली कार्यरत रहेको सुनिश्चित गर्नेछ। यो भाइरसबाट अहिले कुनै खतरा नभएको कुरो बताउँदै विभागले भयभित नहुने परामर्श दिएको छ।

New DGP meets Governor

नवनियुक्त पुलिस महानिदेशक श्री अक्षय सचदेवाले आज राजभवनमा राज्यपाल श्री ओमप्रकाश माथुरसित भेट गर्नुभयो। भेटघाटका बेला श्री माथुरले राज्यका युवाहरूमा नशालु पदार्थ सेवनको बढदो प्रवत्तिमाथि चिन्ता व्यक्त गर्दै यसलाई समाजको भविष्यका लागि खतराको स्थिति बताउनुभयो । राज्यपालले श्री सचदेवाको नेतृत्वमा सिक्किम पुलिस प्रशासनले यस समस्याको समाधिनका लागि प्रभावी पाइला चाल्नेछ भन्ने विश्वास व्यक्त गर्नुभएको छ। उन्नाइस सय एकानब्बे ब्याचका भारतीय पुलिस सेवाका अधिकारी श्री अक्षय सचदेवाले हिजो नयाँ पुलिस महानिदेसकको रूपमा कार्यभार सम्हाल्नुभएको हो।

MLA Visit

विधायक श्री सञ्जीत खरेलले जोरथाङमा आयोजित हुने माघे मेलाको तयारीको समीक्षा गर्न आज मेला स्थलको निरीक्षण भ्रमण गर्नुभयो। पछि उहाँले मेलाका लागि विद्युत आपूर्ति व्यवस्थाबारे चर्चा गर्न डाकिएको बैठकको अध्यक्षता गर्नुभयो। यसमा मेला अवधिमा बाधारहित विद्युत सप्लाइ भएको सुनिश्चित गर्नुपर्ने खाँचोमाथि जोड़ दिइयो।

CM's Gold Cup

दशौं मुख्यमन्त्री स्वर्णकप फुटबल टुर्नामेण्ट जोरथाङ फुटबल मैदानमा आजदेखि शुरू भएको छ। खेल तथा युवा मामिला मन्त्री श्री राजु बस्नेतले यसको शुभारम्भ गर्नुभयो। खेल तथा युवा मामिला विभाग, सिक्किम फुटबल संघ र माघे संक्रान्ति मेला आयोजन समितिसित

मिलेर टुर्नामेण्टको आयोजना नाम्ची जिल्ला फुटबल संघले गरिरहेछ। उद्घाटन म्याचमा सिङलिङ स्पोर्टिङ क्लबले आसुफी फुटबल एकाडमी मणिपुरलाई टाइब्रेकरमा चारको विरूद्ध पाँच गोलले परास्त गर्यो। भोलिको खेला युनाइटेट कोलकाता स्पोर्टस क्लब र सिक्किम पुलिस बीच हुनेछ। टुर्नामेण्टमा राज्य र राज्य बाहिरका गरी जम्मा बाह्र वटा क्लबले भाग लिइरहेछन्। फाइनल म्याच एक्काइस जनवरीकृमा हुनेछ। यसैबीच आजदेखि नै जोरथाङ खेल मैदानमा अन्तर समष्टि फुटबल टुर्नामेण्टको क्वाटर फाइनल आरम्भ भयो। पहिलो क्वाटर फाइनलमा पोकलोक कामराङले योक्सम टाशीडिङलाई तीन गोलले हराएर सेमिफाइनलमा पुगेको छ।

**नेश्नल गेम्स्**

अड़तीसौं राष्ट्रिय खेल उत्तराखण्डमा यसै महीना अठाइस तारीकदेखि शुरू हुनेछ। यो आगामी चौध फरवरीसम्म चल्नेछ। प्रधानमन्त्री श्री नरेन्द्र मोदीले यसको उद्घाटन गर्नु हुनेछ। राष्ट्रिय खेलमा देशका विभिन्न राज्य र केन्द्रशासित प्रदेशहरूबाट दस हजार भन्दा धेरै खेलाड़ीहरू, कोच र अधिकृतहरू सहभागी हुनेछन्। उत्तराखण्डका विभिन्न शहरहरूमा हुने प्रतियोगितामा अड़तीस प्रकारका खेलहरूमा प्रतिष्पर्धा हुनेछ। सिक्किमले पनि पाँचवटा प्रतियोगितामा भाग लिनेछ। यी हुन् धनुकाँड़, बक्सिङ, cycling, ठिटीहरूको फुटबल र ताइकोण्डू।

Weather

गान्तोक स्थित मौसम विज्ञान विभागले राज्यमा, भोलि आकाशमा हलुका बादल छाउने पुर्वानुमान गरेको छ। विभाग अनुसार गान्तोक र वरपर क्षेत्रमा अधिकतम तापमान चौध(14) डिग्री सेल्सियस र न्यूनतम तापमान सात (7) डिग्री सेल्सियस रहनेछ। आजको न्यूनतम तापमान छ दशमलउ आठ (6.8) डिग्री सेल्सियस रेकार्ड गरियो।